**विशेष इजलास**

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** सम्बत् २०६२ सालको रिट नं. ९४, उत्प्रेषण समेत, रेखा श्रेष्ठ वि. अर्थ मन्त्रालय समेत

अन्तशुल्क नियमावली, २०५९ को नियम १७ ले अन्तशुल्क असूलीको प्रक्रियासम्म निर्धारण गरेको र बिगो निर्धारणको आधारसम्म तोकेको र नियम ३४ नियम १७ सँग अन्तरसम्बन्धित देखिँदा उक्त नियम १७ र ३४ को व्यवस्था अन्तशुल्क ऐन, २०५८ को दफा ३ र ४ तथा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को ११ तथा धारा ७३ समेतसँग बाझिएको मान्न नमिल्ने ।

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम्

यस्तै प्रकृतिको सम्बत् २०६२ सालको रिट नं. ६९, संविधान तथा ऐनसँग बाझिएका नियमका व्यवस्था बदर एवं निष्क्रिय घोषित गरिपाऊँ, *अनीलकुमार सिन्हा वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत* भएको मुद्दामा यसै अनुरुप निर्णय भएको छ ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** सम्बत् २०६२ सालको रिट नं. ६८, उत्प्रेषण समेत, *अधिवक्ता अनीलकुमार सिन्हा वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५(११) मा रहेको निवेदनपत्र भन्ने शव्द सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११(२)(घ) सँग बाझिएको तथा त्यसले संविधान प्रदत्त असाधारण अधिकारक्षेत्रलाई संकुचन गरेको अवस्था नदेखिने ।

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम्

**पूर्ण इजलास**

१.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. बलराम के.सी. र मा.न्या. तपबहादुर मगर,** फौ.पु.इ.नं. २०, नागरिकता कीर्ते, नेपाल सरकार वि. श्यामकृष्ण श्रेष्ठ समेत

सिफारिश गर्ने यी प्रतिवादीले सिफारिश गरेकोमा विवाद नभए पनि निजले गलत विवरणमा जानी -जानी सिफारिश गरेको भन्ने प्रमाणित नभएको र त्यस्तो मनसाय राखी वदनियतपूर्वक सिफारिश गरेको भन्ने पनि नदेखिएको हुँदा जानी बुझी सिफारिश गरेको भन्ने प्रमाणित नभएको अवस्थामा सिफारिशकर्ताको सो कार्यलाई कसूरजन्य कार्यका रुपमा लिन नमिल्ने ।

इजलास अधिकृतः कृष्णराम कोइराला

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम्

२.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. बलराम के.सी. र मा.न्या. तपबहादुर मगर,** फौ.पु.इ.नं. २१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आश्विनकुमार स्थापित समेत*

हत्यामा प्रतिवादीबाहेकका अन्य प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरालाई शंकारहित तवरले पुष्टि गर्नसक्ने आधार प्रमाणको अभावमा केबल अधिकारप्राप्त अधिकारी समक्ष अभियुक्तले लगाएको पोल र अभियोग दावीमा अभियोजन पक्षले लिएको जिकीरकै भरमा कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम्

३.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या. बलराम के.सी. र मा.न्या. तपबहादुर मगर,** फौ.पु.इ.नं. २२,२३,२४,२५ र २६, कीर्ते जालसाज, *आश्विनकुमार स्थापित वि.नेपाल सरकार*

हकदैयासम्बन्धी सिद्धान्तले एकाको हकमा अर्काले नालिस वा उजूर गर्न अनुमति प्रदान गर्दैन । सार्वजनिक सरोकारको मुद्दा, सरकारवादी भै चल्ने मुद्दा, असमर्थ पक्षका तर्फबाट अरुले नालिश उजूर गर्नपाउने व्यवस्थाहरू हकदैयासम्बन्धी सामान्य सिद्धान्तको अपवादात्मक व्यवस्थाहरू हुन । त्यस्ता व्यवस्थाको विद्यमानता रहेको छैन भने वादी भै मुद्दा दायर गर्ने सरकारले त्यस्तो दावी लिएको अवस्था पनि छैन । तसर्थ प्रस्तुत मुद्दा अ.वं. ८२ नं. बमोजिमको सरकारवादी हुने मुद्दा होइन भन्ने कुरा माथि गरिएको विवेचनाबाट नै पुष्टि भैरहकेको सन्दर्भमा जसको हक पुग्ने हो उसले बाहेक अन्य व्यक्ति वा निकायले मुद्दा दायर गर्नसक्ने अवस्था हुँदैन । त्यसरी हक पुग्नेबाहेक अन्य व्यक्ति वा निकायले दायर गरेको मुद्दा अ.वं. ८२ नं. का आधारमा खारेज हुने ।

इजलास अधिकृतः कृष्णराम कोइराला

इति सम्बत् २०६५फागुन २२ गते रोज ५ शुभम

## संयुक्त इजलास

१.

**सं.प्र.न्या.श्री केदारप्रसाद गिरी र मा.न्या.दामोदरप्रसाद शर्मा,** सम्बत् 2064-CI-0281, अंश चलन, *ज्योत्सना मल्ल वि. गीता राणा*

मुलुकी ऐन अंशवण्डाको १९ नं. को देहाय १ नं. ले व्यवहार चलाउने प्रयोजनको लागि मात्र घरको मुख्य व्यक्तिले आधासम्म अचल सम्पत्ति कसैको मञ्जूरी नलिई आफूखुश गर्न पाउने भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । सगोलको अंशियार सरहको हैसियत रहेकी छोरीलाई रिझबापत विवादित सम्पत्ति वकसपत्र गरिदिएको भन्ने लिखतको व्यहोराले नै बोलेको अवस्थामा रिझ वापत बकसपत्र गरिदिएको कार्यलाई व्यवहार चलाउने अर्थमा ग्रहण गर्न नमिल्ने ।

इजलास अधिकृतः- नारायण सुवेदी

इति सम्बत् २०६६ वैशाख २ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिको 2064-CI-0280, अंश चलन, *ज्योत्सना मल्ल वि. गीता राणा* मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** सम्बत् २०६५ सालको रिट नं. ०६५-wh-००२४, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *प्रदीप थापाको हकमा अधिवक्ता अचूतम आचार्य वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

ऐनले मुद्दा हेर्ने अधिकारी तोकेपछि मुद्दा सम्बन्धमा सम्पूर्ण काम कारवाही तोकिएको अधिकारीले नै गर्नुपर्ने हुन्छ । तोकेको अधिकारीबाहेक अन्य पदाधिकारीबाट भएको काम कारवाहीलाई कानूनबमोजिम भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः- मोहनराज भट्टराई

इति सम्बत् २०६५ पुस २९ गते रोज ३ शुभम्

यस्तै प्रकृतिको सम्बत् २०६५ सालको रिट नं. ०६५-WH-००२५, बन्दीप्रत्यक्षीकरण, *भीमबहादुर वि.क.को हकमा अधिवक्ता अचूतम आचार्य वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** सम्बत् २०६५ सालको रिट नं. ०६५-wh-

००२८, बन्दीप्रत्यक्षीकरण, *चन्द्रबहादुर पुनको हकमा सरस्वती पुन वि. गृह मन्त्रालय समेत*

पछि परेको मुद्दा फैसला भै कानूनबमोजिम लागेको जरीवाना तिरी छुट्ने अवस्थामा पुनः पहिले परेको जाहेरीका सम्बन्धमा अनुसन्धान निमित्त प्रहरी हिरासतमा राख्ने भनी दिएको थुनुवा पूर्जी दुर्भावपूर्ण र तहकिकात एवं अनुसन्धानको न्यायपूर्ण प्रयोग भएको नदेखिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति सम्बत् २०६५ साल पुस २९ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६२ सालको फौ.पु.नं. ३६७३, अवैध तरिकाबाट काठ विक्री गर्न लिएको, *नेपाल सरकार वि. वालाराम थापा समेत*

बरामद काठ दाउरा राष्ट्रिय वनभित्रको भन्ने नदेखिएको, खाराडाँडा सामुदायिक वन उपभोक्ता समूहलाई जिल्ला वन कार्यालय सल्यानले रुखको लगतसमेत लिई कटान गर्नका साथै जिल्ला बाहिर निकासी गर्न समेत अनुमति दिएको, सोही अनुरुप रुखहरू कटान गरी लिलाम गरी प्राप्त रकम वन उपभोक्ता समूहमा जम्मा गरिसकेको समेत देखिएको अवस्थामा उक्त व्यवहारलाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत्र ४ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. ०६३ CR ००६८, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. रवीन्द्र सिलवाल*

अदालतद्वारा प्रमाणित पीडित भनिएको व्यक्तिको कथन पुष्टि हुने अन्य समर्थित प्रमाण (Corroborative Evidence) मिसिलमा मौजुद रहेको अवस्थामा पीडित व्यक्ति अदालतमा वकपत्रको प्रयोजनार्थ उपस्थित नभए पनि सो भनाइलाई आधार मान्नुपर्ने र अदालतबाट प्रमाणित वयान झूठो हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार अभियुक्तको हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत्र ४ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६३ सालको फौ.पु.नं. ००४६०, नकवजनी चोरी, *नेपाल सरकार वि. मानकुमार भुजेल समेत*

घरभित्र सहजरुपमा ढोकाबाट पसेको र निस्कँदा समेत अबाटोबाट ननिस्की सहजरुपमा निस्केको अवस्थामा घरको भित्री कोठाको ढोकाको ताल्चासम्म फोरी चोरी गरेको अवस्थालाई अबाटोबाट पसेको वा निस्केको भनी परिभाषित गर्न मिल्ने देखिन नआएकाले साधारण चोरीको कसूर ठहर गरेकोलाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत्र ४ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६३ सालको फौ.पु.नं. ३७०९, चोरी, *नुकुरू अन्सारी वि. नेपाल सरकार*

अभियोग दावीलाई शंकारहित तवरले समर्थन गर्ने प्रमाण मिसिलमा अभाव रहेको अवस्थामा अभियोग दावीकै भरमा कसूरदार ठहर गर्नु न्यायसंगत नभै फौज्दारी न्यायसम्बन्धी सर्वमान्य सिद्धान्त समेतको उल्लंघन हुन जाने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत्र ४ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री रणबहादुर बम**, ०६५ सालको रिट नं.००४० बन्दीप्रत्यक्षीकरण, *अम्बर खड्काको हकमा अधिवक्ता राकेशकुमार साह*

अनुसन्धानको निमित्त प्रहरीको थुनामा नरही धरौटी बुझाउन नसकेको आधारमा थुनामा रहेको र माग गरिएको धरौटी कानून विपरीत भएको अवस्था भए सो आदेशउपर मुलुकी ऐन अदालती बन्दोवस्तको १७ नं. बमोजिम माथिल्लो निकायमा न्यायिक परीक्षण हुनसक्ने कानून व्यवस्था समेत भइरहेको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने।

इजलास अधिकृतः पुनाराम खनाल

इति सम्बत् २०६५ फागुन २१ गते रोज ४ शुभम्।

९.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री रणबहादुर बम**, सम्बत् २०६५ सालको रिट नं. ००३९ बन्दीप्रत्यक्षीकरण, *अजय शर्माको हकमा अधिवक्ता राकेशकुमार साह वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

कानूनले स्पष्ट निर्देश गरेको कुरालाई पूर्णरुपबाट पालना नभएको कार्यलाई कानूनअनुरुप भन्न नमिल्ने।

इजलास अधिकृतः पुनाराम खनाल

इति सम्बत् २०६५ फागुन २१ गते रोज ४ शुभम्।

१०.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री रणबहादुर बम**, सम्बत् २०६५ सालको रिट नं. ००२७ बन्दीप्रत्यक्षीकरण, *सइद अहमद वि.गृह मन्त्रालय समेत*

उचित कानूनी प्रक्रिया अवलम्वन नगरी न्यायिक मनको अभावमा कानून विपरीत निर्णय गरी निवेदकलाई थुनामा राखेकाले थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः पुनाराम खनाल

इति सम्बत् २०६५ फागुन २१ गते रोज ४ शुभम्।

११.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६१ सालको दे.पु.नं. ९७०८, लिखत दर्ता बदर, *भोला कोरी समेत वि. बासुदेव कोरी समेत*

सगोलको लोग्ने बाबुले विक्री गरेको जग्गा केही समयपश्चात् सो व्यवहार मौकैमा थाहा जानकारी नपाउने विशेष अवस्थाको विश्वासिलो आधार कारणबिना सगोलकी पत्नी समेतले उजूर गरेकै भरमा कानून विपरीत भनी ठहर गर्नु न्यायसंगत नहुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम्।

१२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६० सालको दे.पु.नं.९४३६, लिखत बदर दर्ता बदर दर्ता, *हजारी साह समेत वि.शकुन्तलादेवी झा*

आफूखुश गर्न पाउने सम्पत्तिमा वादीहरूको अंश हक लाग्ने भन्न प्रचलित कानूनअनुसार नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम्।

१३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६० सालको दे.पु.नं.९५२७, लिखत बदर दर्ता बदर दर्ता, *पञ्चबहादुर तामाङ वि.प्रजीता शिवाकोटी*

जग्गा घर व्यवहार चलाउने प्रयोजनार्थ राजीनामा पारीत गरिदिएको भन्ने देखिन आएकोमा मुलुकी ऐन, अंशवण्डाको १९ नं. को देहाय १ ले अचलमा आधीसम्म व्यवहार चलाउनलाई आफूखुश गर्न पाउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम् ।

१४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६१ सालको दे.पु.नं.८३६३, लिखत बदर दर्ता बदर दर्ता, *दीपककुमार राई वि. जीवनकुमार खड्का समेत*

फिराद दावीमा नै घरव्यवहार बाबु आमा दुवैले गर्दै आएको अवस्था देखाएकोमा आमाले आफ्ना नाममा रहेको जग्गा बिक्री गरी घरव्यवहार चलाएको भन्ने कुरा दावीबाट नै पुष्टि भैरहेको अवस्थामा र बिक्री गरिएको जग्गा व्यवहार चलाउने प्रयोजनार्थ बिक्री नगरिएको भन्ने समेत वादीहरूको भनाइ नरहेको अवस्थामा मुलुकी ऐन अंशवण्डाको महलको १९ नं. को देहाय १ दावी जग्गाको बिक्री व्यवहारको सन्दर्भमा आकर्षित नहुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम् ।

१५.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६५ सालको रिट नं. ०१३४, उत्प्रेषण, *भगवती गुरुङको अ.वा.रत्नवहादुर गुरुङ वि. पुनरावेदन अदालत पाटन समेत*

आफू एकासगोलमा रहँदाका अवस्थामा लिएको ऋण रकम सम्बन्धमा अनभिज्ञता प्रकट गरी आफ्ना नाउँमा आएको जग्गा अर्कालाई हक हस्तान्तरण गर्ने, अंश मुद्दा गर्ने, अनि मिलापत्रपश्चात् हस्तान्तरित जग्गा आफ्ना नाउँमा ल्याउने आदि कार्यबाट निवेदिका सफा हात लिई अदालत प्रवेश गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम्

यस्तै प्रकृति भएको सम्बत् २०६३ सालको रिट नं. ०७३८, उत्प्रेषण, *भगवती गुरुङ वि. पुनरावेदन अदालत पाटन समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

१६.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०६४ सालको WO-०६०३, उत्प्रेषणयुक्त परमादेश, *दुखीराम पुतवार वि.गुठी संस्थान गुठी तहसिल शाखा कार्यालय*

गुठी जग्गाको मोहीसम्बन्धी प्रश्नमा निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको देखिन आएबाट निवेदकलाई दावी जग्गाको मोही कायम गरी पूर्जा दिन नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ साल चैत २ गते रोज १ शुभम

१७.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०६१ सालको फौ.पु.नं. ३२४४, आयकर, *शशीराज पाण्डे वि.आन्तरिक राजश्व कार्यालय २ नं क्षेत्र*

मुद्दती निक्षेपबाट प्राप्त व्याजमा कानूनबमोजिम ५ प्रतिशत समदरले व्याज कर तिरी सकेको अवस्थामा व्याजबाट प्राप्त करकट्टी गरिसकेको गैरकरयोग्य आयलाई कर्पोरेट कर ३३ प्रतिशत कर लाग्ने गरी गरेको र पुनरावेदकले घरजग्गा वहाल बापत सम्झौता नै नगरी भुक्तानी गरेको खर्चमा मान्यता दिन नमिल्ने भए तापनि घर वहालमा नियम

बमोजिम लाग्ने अग्रीम वहाल कर समेत वुझाइएको करको सम्बन्धमा समेत केही नबोली गरेको राजश्व न्यायाधीकरण काठमाडौंको फैसला नमिलेको सो हदसम्म केही उल्टी हुने ।

इजलास अधिकृतः मोहनराज भट्टराई
इति सम्बत् २०६५ माघ १५ गते रोज ४ शुभम्
यस्तै विषयवस्तु समावेश भएको निम्न मुद्दामा यसै अनुरुप निर्णय भएको छः

- सम्बत् २०६१ सालको फौ.पु.नं. ३२४५ र ३२४६ आयकर, *शशीराज पाण्डे वि. आन्तरिक राजश्व कार्यालय २ नं क्षेत्र*

इजलास नं. १

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गौरी ढकाल,** सम्बत् २०६२ सालको फौ.पु.नं. ३६५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि.नीलकण्ठ रेग्मी*

कसैले अरुको ज्यान मार्ने गैर कुरा गरी साधारण सानातिना हतियारले कुटी हानी रोपी घोची वा अरु ज्यान मार्ने कुरा गरेकोबाट ज्यान मर्न गएकोमा एक जनाले मारेको वा यसको यसको चोटले मारेको भन्ने प्रमाणबाट देखिए सोही मानिस मुख्य ज्यानमारा ठहर्ने ।

जोखिमी हतियारले प्रहार गरेकोमा मनसाय नभएपनि वा तत्काल आवेशमा प्रहार गरेको कारण ज्यान मर्न पुगेको भएपनि १३ नं. आकर्षित हुने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्यूटरः मुकुन्द विष्ट
इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०६० सालको दे.पु.नं. ९६८८, दोस्रो लिखत गराई पाऊँ, *इन्द्रबहादुर गुरुङ वि.कुलचन्द्र भट्टराई*

दैबी परेकोमा लेनदेन व्यवहारको १ न. ले निर्धारण गरेको प्रक्रिया र अबधिभित्र सम्बन्धित कार्यालयमा वादीले दरखास्त समेत पेश गरेको अवस्थामा दैबी परेको कुरालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्यूटरः मुकुन्द विष्ट
इति सम्बत् २०६५ साल चैत १७ गते रोज २ शुभम् ।

इजलास नं.२

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** सम्बत् २०६४ सालको दे.पु.नं. ६००, फैसलाबमोजिम कित्ताफोड नामसारी गरिपाऊँ, *सावित्री थापा वि.प्रेमबहादुर थापा क्षेत्री*

अन्तिम फैसलाबमोजिम आफ्नो भागमा परेको पैतृक जग्गाहरू कित्ताफोड गरी नामसारी गरिपाऊँ भनी दावी गरेको अवस्थामा मुद्दाको फिराद अंशतर्फकै दावी लिई परेको भनी अ.वं. ८५ नं. को कानूनी व्यवस्थाअनुरुप खारेजयोग्य रहेछ भनी मान्न नसकिने ।

इजलास अधिकृतः बिदुर कोइराला
कम्प्यूटरः विश्वराज पोखरेल
रइति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** सम्बत् २०६४ सालको दे.पु.नं. ११८८, घर उठाई जग्गा खिचोला चलन, *लक्ष्मीनिया देवी तत्मा वि.सेवकादास तत्मा समेत*

सािवकदेखि हालसम्म निरन्तर भोगचलन रहिरहेको स्थितिमा त्यसमा भएको घर समेतमा प्रतिवादीले वादीको जग्गा कव्जा गरी घर वनाएको भन्ने तथ्य नक्सा मुचुल्का, सर्जमित लगायत कुनै पनि प्रमाणबाट स्थापित हुन नसकेको हुँदा प्रतिवादीले कव्जा गरी खिचोला गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः बेदना अधिकारी

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** सम्बत् २०६४ सालको दे.पु.नं. ००७७ र ००७८, खिचोला मेटाई घर भत्काई पाउँ, *कौशलकिशोर पाण्डेय वि.परशुराम पाठक*

साविक न.नं. १३ को घरको पश्चिमतर्फको सीमाना सीधा रेखामा उत्तर दक्षिण गएको कुरालाई वादीले तत्काल स्वीकार गरेको अवस्थामा हाल सो सीमाना उत्तर पूर्वतर्फ हालको न.नं. १४।१ मा देखाएको जस्तो फराकिलो हुन सक्ने कुनै आधार प्रमाण नभएको अवस्था हुँदा सोको समानान्तर न.नं. १९ को सेफ्टि टयाँकको भाग समेत वादीकै निर्विवाद हकको जग्गा भएकोमा त्यसमा प्रतिवादीले झगडा जनाई बनाएको देखिँदा सो हदसम्म वादीको जग्गामा प्रतिवादीले खिचोला गरेको पुष्टि हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५फागुन १८ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६४ सालको दे.पु.नं. ००७६, जग्गा खिचोला, *कौशल किशोर पाण्डेय वि.परशुराम पाठक* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** सम्बत् २०६४ सालको दे.पु.नं. १२६, जग्गा खिचोला चलन, *सुखचन्द्र भगत समेत वि. राजकिशोरलाल कर्ण*

नापी नभई गाउँ ब्लकभित्र रहेको ऐलानी जग्गामा हक सिर्जना गर्ने मुख्य स्रोत भनेको त्यस्तो जग्गामा रहेको निर्विवाद र निरन्तर भोग नै हो भन्ने तथ्यमा विवाद रहन नसक्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः बेदना अधिकारी

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६४ सालको दे.पु.नं. ११९, बकसपत्र सिफारिश बदर, *शत्रुघनप्रसाद साह समेत वि. राजकिशोरलाल कर्ण* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६५ सालको फौ.पु.नं. ००५९, रेडक्रस भवनमा आगो लगाएको, *नेपाल सरकार वि. डम्वरप्रसाद उपाध्याय*

अभियोग दावी प्रमाणित गर्न नसकेको अवस्थामा आगो लगाउनेको महलको ५ नं. बमोजिम प्रतिवादीलाई सजाय हुने नभै अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी

इति सम्बत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६५ सालको दे.पु.नं. ००९८, निर्णय बदर गरी नक्सा सुधार गरिपाऊँ, *सरवनकुमार महतो वि. जीरालाल महतो समेत*

जग्गा छुट्याउँदा पूर्व पश्चिम चिरा गरी पूर्व तोकेको सडकको निकासमा अरु अंशियारलाई मर्का पर्ने गरी कित्ताकाट गरेको देखिएबाट समानस्तर का अंशियार बीच न्यायसम्मत कार्य भएको देखिएन । तसर्थ सबै अंशियारलाई बराबर पर्ने गरी रुपमा नक्सा सुधार हुनुपर्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्यूटरः बेदना अधिकारी
इति सम्बत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६५ सालको फौ.पु.नं. ५५९, हालैको वकसपत्र वदर, *रामविलास भन्ने कृष्ण यादव वि., ढिमली भन्ने मुरली अहिर*

विवादित जग्गा निजी आर्जनको हो भन्ने कुराको तथ्ययुक्त आधार प्रमाण प्रतिवादीले दिन नसकेको र सगोलको अंश हकको जग्गा वकस गरिदिँदा सगोलको अंशियारको मन्जूरी लिएको नदेखिएको अवस्थामा वादीको हक जति हालैको वकसपत्र लिखत कायम रहन नसकी वदर हुने ।

इजलास अधिकृतः अर्जुन अधिकारी
कम्प्यूटरः विश्वराज पोखरेल
इति सम्बत् २०६५ साल चैत २ गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** सम्बत् २०६३ सालको रिट नं.३५४४, उत्प्रेषणको आदेश जारी गरिपाऊँ, *केतकी बाहुनी वि.जिल्ला प्रशासन कार्यालय बाँके समेत*

रजिष्ट्रेशन पारीत भएको दानपत्रबाट निवेदकलाई भएको मन्दिरको सञ्चालन गर्ने समेतको प्राप्त हक हनन् हुने विपक्षीहरूले गरेको भगवान शिव मन्दिर सञ्चालक समिति नामक संस्था दर्ता सम्बन्धी निर्णय कानूनअनुरुपको मान्न नमिल्ने ।

इजलास अधिकृतः अर्जुन अधिकारी
कम्प्यूटरः विश्वराज पोखरेल
इति सम्बत् २०६५ साल चैत ३ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६० सालको दे.पु.नं. ०१७७, जग्गा खिचोला, *प्रेमबहादुर देवकोटा वि.ताराकेशर खड्का समेत*

नक्सा प्रिन्ट र भै आएको नक्सा मुचुल्काबाट वादी दावीबमोजिम वादीको जग्गामा कुनै पनि प्रकारको चुलो टहरा निर्माण गरेको भन्ने पुष्टि हुन नआएकोले चुलो टहरा हटाई खिचोला मेटाई चलन चलाई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
इति सम्बत् २०६५ चैत १० गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६० सालको दे.पु.नं. ८४५९, घर भत्काई पाऊँ, *रतनदेवी देवकोटा वि.ताराकेशर खड्का*

सर्भे नक्साको प्रकृति र यसअघि यिनै वादी प्रतिवादी बीच चलेको मुद्दामा भएको नक्सा मुचुल्का समेतबाट विवादित नं.नं. ६ को जग्गा वादीको कि.नं. ३०६ भित्रको हो भन्ने निर्विवादरुपमा पुष्टि हुन आउने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
इति सम्बत् २०६५ चैत १० गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, सम्बत् २०६२ सालको दे.पु.नं. ९७१५ र ८४७८, अंश दर्ता, *सहोदर शाह कलवार समेत वि. अमिरकाप्रसाद कलवार समेत*

शुरु जिल्ला अदालतले फिराद परेको अघिल्लो मितिलाई मानो छुट्टिएको मिति कायम गरी फैसला गरे उपर पुनरावेदन अदालतमा प्रतिवादीहरूले पुनरावेदन नगरी स्वीकार गरी बसेको देखिन आएबाट केवल अलग भिन्न ठाउँमा बसी कारोवार गरी आएको भन्ने सम्मको आधारमा अघि नै चुलो मानो छुट्याई भिन्न भएको भनी अर्थ गर्न नमिल्ने ।

सगोलमा छँदा आर्जन गरेको सम्पत्ति सवै अंशियारलाई वण्डा लाग्ने ।

इजलास अधिकृतः हरिहर पौड्याल

इति सम्बत् २०६६ वैशाख ९ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, सम्बत् २०६३ सालको दे.पु.नं. CI-०३६०, निर्णय बदर हक कायम, *रामबहादुर तामाङको मु.स.गर्ने ठूली लमिनी समेत वि.कृष्णमान शाक्य*

विर्ता जग्गा मोहीको हैसियतले आफूले कमाई आएको भन्ने जिकिर लिएको अवस्थामा भूमि सम्बन्धी ऐनको प्रक्रिया अपनाई आफ्ना नाउँमा दर्ता गरे भएको भन्ने अवस्था नदेखिँदा पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिहर पौड्याल

इति सम्बत् २०६५ वैशाख ६ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, सम्बत् २०६३ सालको दे.पु.नं. ८५०९, रैकर परिणत, *रामचन्द्र अधिकारी समेत वि.हरिप्रसाद प्रधान*

मालपोत ऐन, २०३४ ले हकबेहकको प्रश्न समावेश भएको मुद्दामा मालपोत कार्यालयलाई प्रमाण बुझी इन्साफ गर्न सक्ने अधिकारक्षेत्र प्रदान गरेको देखिन नआउने ।

हकबेहकको प्रश्न समावेश भएको अवस्थामा विवादित जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालयले गरेको निर्णयलाई त्रुटिपूर्ण ठहर गरी हकबेहकमा अदालतमा नालेस गर्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६५ साल चैत ११ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६१ सालको दे.पु.नं. ८२७८ र ८४३५, अंश चलन, *तुईचा नापित वि. मुकुन्द नापित समेत*

मोहियानीमा कमाएको जग्गा रहेभएको कुरा जग्गाधनी प्रमाणपूर्जाबाट स्थापित भएको र उक्त जग्गामा घर समेत रहे भएको कुरा जग्गाधनी प्रमाण पूर्जाबाट पुष्टि हुन नआएको हुँदा सो जग्गामा घर छ भन्नु वस्तुनिष्ट प्रमाणको अभावमा वादीको दावीको आधारमा मात्र वादीले अंश पाउने ठहर गर्नु र निर्णयमा पुग्नु न्यायोचित नहुने ।

जग्गाको मोहियानी हक फाँडफाँड भै छुट्टिइसकेको भनी वादीले दावी लिई सप्रमाण पुष्टि गराउन सकेको नपाइएकोले मोहियानी हक बाँडफाँड भै छुट्टिई नसकेको अवस्थामा उक्त कित्ता जग्गाहरूबाट पनि वादीले अंश पाउने स्थिति नरहने ।

सगोलमा रहेका अवस्था सगोलको आर्जनबाट खरीद गरेको भन्ने कुरा प्रमाणबाट पुष्टि भएको छ भने निजी आर्जनको भनी प्रतिवादीले सवुद प्रमाणबाट प्रमाणित गराउन सकेको नपाइँदा सो जग्गालाई निजी

आर्जनको हो, अरु अंशियारलाई अंश नलाग्ने भनी निर्णयमा पुग्नु न्याय एवं कानूनसंगत नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६० सालको दे.पु.नं. ९५२१, अंश चलन, *खड्गबहादुर गुरुङ वि.तेजबहादुर गुरुङ*

मुलुकी ऐनमा भएको सातौं संशोधनपूर्व छुट्टी भिन्न हुन अंशवण्डाको लिखत हुनुपर्ने अनिवार्यता नभै व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको प्रमाणित भए सोलाई समेत मान्यता दिनुपर्ने कुरालाई इन्कार गर्न नसकिने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

यस्तै विषयवस्तु समावेश भएको सम्बत् २०६० सालको दे.पु.नं ९५२२, लिखत दर्ता वदर, *खड्गबहादुर गुरुङ वि.तेजबहादुर गुरुङ* समेत भएको मुद्दामा यसै अनुरुप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६० सालको फौ.पु.नं. ३२५५, अवैधरुपले बन फडानी गऱ्यो, *नेपाल सरकार वि.मीनवहादुर सिंह*

तत्काल प्रचलित बन विशेष व्यवस्था ऐन, २०२४ अन्तर्गत दायर भएको फिराद पत्रलाई खारेज भएको ऐनअन्तर्गत दर्ता भएको मानी शुरु फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ चैत १० गते रोज २ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा**, सम्बत् २०६१ सालको स.फौ.नं. ३३६४, सवारी दुर्घटनाबाट अङ्गभङ्ग, *नेपाल सरकार वि.कृष्णबहादुर घिमिरे समेत*

कानूनले चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनमा पूर्ण प्रतिवन्ध लगाएको अवस्थामा प्रतिवादी दिनेश उपाध्यायले सवारी चलाई दुर्घटना गराई सोबाट उम्कन शुरुमा चालक अनुमतिपत्र भएका हरिबहादुर थापालाई कसूर स्वीकार गर्न लगाउने गरेको कार्यले निजको गलत एवं वद्नियतपूर्ण मनसाय रहेको देखिन आउने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ साउन १६ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा**, सम्बत् २०६१ सालको दे.पु.नं.३२४८, *ललितकुमार लोहिया वि.कर कार्यालय धरान,*

अरु कसैको कुनै काम कारोवार गरिदिएकोमा त्यसमा आफूले ज्याला पाउनेबाहेक अरु कुनै अधिकार रहँदैन । त्यस अवस्थामा आफ्नो उद्योगले अमुक चीजवस्तुको उत्पादन गरेको भन्न नमिल्ने ।

सरकारबाट सदासयपूर्वक जनतालाई प्रत्यक्ष असर पर्ने गरी दिइएको सुविधालाई कसैले पनि दुरुपयोग गर्न नहुने ।

जबसम्म उद्योग आफैले स्वतन्त्ररुपमा कुनै उत्पादन गर्दैन त्यस अवस्थामा पनि कर छुट प्राप्त गर्ने भन्ने नहुने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ साल भदौ ९ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** सम्बत् २०६३ सालको रिट नं. ३५५४, उत्प्रेषणयुक्त परमादेश समेत, *रविन ओली वि.जिल्ला प्रहरी कार्यालय डोल्पा समेत*

आफ्नो अधिकारक्षेत्रभित्रका प्रहरी कर्मचारीलाई सम्बन्धित प्रहरी उपरीक्षकले कानूनबमोजिम गरेको निर्णयबाट निवेदकको हक हनन् भएको भनी सम्झन नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ कार्तिक ४ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** सम्बत् २०६३ सालको रिट नं. १०६९, उत्प्रेषण, *शिवहरि पौड्याल वि.कृषि विकास बैंक मु.का. समेत*

परीक्षामा सम्मिलित भएको नाताले मात्र निवेदकले उक्त पदमा नियुक्ति पाउनै पर्छ वा नतिजा प्रकाशन गर्नै पर्छ वा परीक्षा र विज्ञापन रद्ध गर्न पाइँदैन वा पद खारेज गर्न पाइँदैन भन्ने हक निवेदकलाई प्राप्त नहुने ।

इजलास अधिकृतः कृष्णमुरारी सिवाकोटी

इति सम्बत् २०६५ मंसिर ८ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** सम्बत् २०६२ सालको दे.पु.नं.९५५१, मोही नामसारी, *किशोरी देवी श्रीवास्तवको मु.स.गर्ने सीतादेवी श्रीवास्तव वि. भरतप्रसाद चौरसिया*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी प्रावधानबमोजिम छुट्टिएका छोरामा मोही हक सर्ने व्यवस्था नभएकोले मोहीका एकासगोलमा रहेको एकमात्र हकदार पत्नी पुनरावेदन किशोरीदेवी बाहेक अरुमा मोही हक सर्ने कानूनी अवस्था नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति सम्बत् २०६५ साल पुस ११ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६० सालको दे.पु.नं.८८७३, निर्णय वदर, *किशोरी देवी श्रीवास्तवको मु.स.गर्ने नन्दजीप्रसाद श्रीवास्तव वि. भरतप्रसाद चौरसिया* भएको मुद्दामा असैअनुरुप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** सम्बत् २०६३ सालको दे.पु.नं.६४७, दर्ता बदर हक कायम, *भीमबहादुर कोजु वि.असलबहादुर कोजु*

जग्गाको स्वामित्व हक भोगलाई लिएर नालेश गर्नको लागि आफ्नो हकमा प्रतिकूल असर पर्न लागेको अवस्थादेखि नै गर्नुपर्नेमा फिरादीले तत्कालै कानूनका हदम्यादभित्र नालेश गर्नुपर्नेमा सो समेत गरेको देखिएन । अर्कोतर्फ जग्गा मिच्नेको १८ नं. समेतको कानूनी व्यवस्थाले जग्गाको दर्ता बदर तथा हक कायम गर्न मिल्ने देखिँदैन । यसर्थ हदम्यादविहीन तथा हकदैयाविहीन नालेशमा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ भदौ १० गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** सम्बत् २०५९ सालको दे.पु.नं.८१६१ र ८३०३, सट्टापट्टा लिखत वदर, *सुन्दर कोजु वि.भीमबहादुर कोजु*

आफ्नो हकको जग्गा आफ्नो सुविधा र आवश्यकतानुसार सट्टापट्टालगायत अन्य व्यहोराले हक हस्तान्तरण वा स्वामित्व परिवर्तन गर्न पाउने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ भदौ १० गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी**, सम्बत् २०५९ सालको दे.पु.नं.८१६०, ८१७३ र ८३०४, लिखत बदर, *सुन्दर कोजु वि.विष्णुमाया कोजु*

कानूनबमोजिम अंशवण्डा भई भिन्न नभएकोमा सगोलमा रहँदाको अवस्थामा सबैको अंश हक लाग्ने सम्पत्ति एकले अर्कालाई हक हस्तान्तरण गर्दा अन्य अंशियारको सहमति वा मञ्जूरी लिनुपर्ने।

हस्तान्तरित लिखतमा अंशियारको मञ्जूरी वा सहमति नभए अर्को अंशियारले नालिस उजूर गरी बदर गराउन सक्ने।

इजलास अधिकृत: राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ भदौ १० गते रोज ३ शुभम्।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा**, सम्बत् २०६३ सालको रिट नं.३४८२, उत्प्रेषण लगायत अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ, *राजेन्द्रप्रसाद श्रेष्ठ वि.अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू सो प्रमाणपत्र जारी गर्ने शैक्षिक संस्थाबाट नक्कली हुन भनी लेखिआएको व्यहोरालाई रिट निवेदकले अन्यथा हुन भनी प्रमाणित गर्न नसकेको अवस्थामा निजको शैक्षिक योग्यताको प्रमाणपत्र झूठ्ठा भएको पुष्टि हुने।

इजलास अधिकृत: कृष्णप्रसाद सुवेदी

इति सम्बत् २०६६ साल जेठ १ गते रोज ६ शुभम्।

१०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा**, सम्बत् २०६३ सालको दे.पु.नं.८८९४, फैसलाबमोजिम मोही यथावत कायम, *हरिनारायण साह सोनार वि.शारदादेवी नकर्मी*

उही कित्ता जग्गाको मोही निष्काशन हुने गरी भएको अन्तिम फैसलाको कहिँ कतै उल्लेख नै नगरी अघिल्लो सालको कुतवाली मुद्दामा भएको फैसलालाई मात्र उल्लेख गरी न्यायका लागि भनी अदालत प्रवेश गरेकाले सफा हृदय र हात लिएर न्यायको खोजीमा आएको भन्न नमिल्ने।

इजलास अधिकृत: कृष्णप्रसाद सुवेदी

इति सम्बत् २०६६ साल जेठ १ गते रोज ६ शुभम्।

११.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा**, सम्बत् २०६२ सालको फौ.पु.नं.३०५६, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *राजेन्द्रप्रसाद श्रेष्ठ वि.नेपाल सरकार*

पुनरावेदकले C.P. मा रोक्का भएको भनिएको अवधिमा नै विवादित प्रमाणपत्रहरू ल्याई पेश गरी सोही प्रमाणपत्रहरूको आधारमा नियुक्ति एवं वढुवा भएको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ अनुसन्धान कार्यअगाडि वढेपश्चात् मात्र C.P. फुकुवा गरेको हुँ भनी प्रतिवादीले वयानको क्रममा उल्लेख गरेबाट प्रतिवादीको भनाइ एकआपसमा विरोधाभाषपूर्ण रही तथ्यगतरुपमा भिन्न रहेको देखिँदा जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: कृष्णप्रसाद सुवेदी

इति सम्बत् २०६६ साल जेठ १ गते रोज ६ शुभम्।

१२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०६३ सालको WO-०७८६, उत्प्रेषण समेत, *धर्मसुन्दर शाक्य वि.नेपाल वायु सेवा निगम समेत*

आफूले बढी अङ्क पाउनु पर्ने भन्ने कुराको तथ्ययुक्त तरिकाले प्रमाणित गर्ने भार दावी गर्न पक्षमा हुन्छ भन्ने प्रमाण कानून, २०३१ को दफा २६

को कानूनी व्यवस्थाअनुरुप निवेदकले आफ्नो दावी पुष्टि गर्न नसकेको अवस्थामा केरमेट नभएको कार्य सम्पादन मूल्याङ्कन फारामलाई केरमेट गरी अंङ्क दिएको भन्ने दावी तथ्यमा आधारित नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति सम्बत् २०६५ माघ १९ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०६३ सालको WO-०६६२, उत्प्रेषण समेत, *नेत्रराज पाडे वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९(१)(क) को सरह अर्थात दफा ३३ बमोजिम अर्को काममा लगाए पनि साविक धनीलाई जग्गा फिर्ता पाऊँ भनी माग गर्ने अधिकार हुँदैन । प्राप्त गरिएको प्रयोजनको Ancilary काममा चाहिने बढी जग्गा सार्वजनिक प्रयोगमा लगाउन सकिने ।

जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गत जग्गा प्राप्त गर्दा साविक जग्गाधनीले उक्त जग्गा प्राप्त गर्दाको अवस्थाको प्रचलित किनवेचको मोल र अन्यत्र वसाइ सराइ गर्दाको मूल्य समेत क्षतिपूर्ति पाउने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति सम्बत् २०६५ माघ १९ गते रोज १ शुभम् ।

यस्तै विषयवस्तु समावेश भएको सम्बत् २०६३ सालको WO-०९५१, उत्प्रेषण समेत, *सावित्री रेग्मी वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

१४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अबधेशकुमार यादव**, सम्बत् २०६४ सालको रिट नं.०८३६, उत्प्रेषण परमादेश समेत, *वावा श्रेष्ठ वि.नेपाल वायुसेवा निगम, प्र.का. समेत*

आफ्नो कामप्रतिको जवाफदेहिता र आफ्नो वृत्ति विकासको हकमा सबै कर्मचारीहरू समान हकदार हुन्छन् । कुनै पनि संगठनका कर्मचारीले संगठनबाट निम्न तीन कुराहरु अपेक्षा गर्दछन:

(क) सेवाको सुरक्षा

(ख) पर्याप्त तलव लगायतका सुविधा र

(ग) पदोन्नति पाउने अवसर

विदेशमा कार्यरत रहेको अवस्थामा न्यूरोडको कार्यालयमा टाँस भएको सूचना जानकारीमा लिनैपर्छ भनेर भन्नु न्याय व्यवहारतः युक्तियुक्त मान्न नसकिने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्यूटरः वुद्धरत्न महर्जन

इति सम्बत् २०६५ साल चैत ३१ गते रोज २ शुभम् ।

यस्तै प्रकृतिको विवाद भएको सम्बत् २०६४ सालको रिट नं.०८२४, उत्प्रेषण परमादेश समेत, *सन्तबर सिं थापा वि. नेपाल वायु सेवा निगम प्र.का. समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

१५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६० सालको रिट नं.३४९५, उत्प्रेषण परमादेश समेत, *हिरामणि के.सी. वि. म.प.क्षे.स.प्रहरी बल मुख्यालय महेश्वरी वाहिनी नेपालगञ्ज समेत*

पुनरावेदन सुन्ने निकायलाई विपक्षी बनाएको नै भएपनि जवरजस्ती करणी जस्तो गम्भीर, घृणित र नैतिक पतन देखिने फैजदारी अपराध गर्ने निवेदकलाई पुनर्वहाली गराउनु भन्ने आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः युवराज गौतम

इति सम्बत् २०६५ माघ २० गते रोज २ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६२ सालको रिट नं. २६८५,

उत्प्रेषणयुक्त परमादेश, *राम सोगारथ सहनी वि. क्षेत्रीय प्रहरी एकाई कार्यालय काठमाडौं समेत*

निवेदकले विदा स्वीकृत नगराई धेरै लामो समय ६ महिनाभन्दा पनि बढी अनुपस्थित रहेबाट कानूनको Serious breath गरेको मान्नु पर्ने ।

इजलास अधिकृतः युवराज गौतम

इति सम्बत् २०६५ माघ २० गते रोज २ शुभम् ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की**, सम्बत् २०६४ सालको रिट नं.wo-००१३, उत्प्रेषणसमेत, *विपीन मल्ल वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

निर्माण व्यवसाय ऐन, २०५५ को दफा ७(३) अनुसार निवेदकले कानूनद्वारा तोकिएको समयभित्र इजाजतपत्र नवीकरण नगराएको भएमा उक्त इजाजतपत्रसम्म मात्र रद्ध गर्नुपर्ने वा रद्ध गर्न सकिने कानूनी व्यवस्था गरेको अवस्थामा कम्पनीले काम गर्न आफूबाट लिएको इजाजतपत्र खारेज गर्नु र अर्के निकायमा दर्ता भएको कम्पनी नै खारेज गर्नु कानूनतः फरक - फरक कुरा भएकाले कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको निवेदक कम्पनी नै खारेज गर्ने गरेको निर्णय उल्लिखित कानूनसंगत भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्र गौतम

इति सम्बत् २०६५ माघ २० गते रोज २ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, सम्बत् २०५७ सालको दे.पु.नं.७०८९, हक कायम नामसारी बदर, नामसारी गरिपाऊँ, *टीकाबहादुर भन्ने टीकाराज वस्नेत वि.बालकुमारी वस्नेत*

जग्गासम्बन्धी कुरा गर्दा रजिष्ट्रेशनको ३० नं. अनुसार रजिष्ट्रेशन भएको लिखतबाट स्रेस्तामा दाखेल खारेज गर्नुपर्ने हुन्छ । लिखतअनुसार दाखेल खारेज नगरेको कार्यलाई कानूनअनुकूल भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम्

२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, सम्बत् २०६० सालको दे.पु.नं.८२४४ र ८२४५, खिचोला मेटाई घर समेत हटाई पाऊँ, *बालकुमारी वस्नेत वि.सरबहादुर हिराचन*

२०५० सालमा नै घर तयार भएको विषयमा २०५३ सालमा मात्र आएर घर हटाई पाऊँ भनी नालेश परेको देखिँदा हदम्याद नाघी परेको फिरादबाट इन्साफ हुन नसक्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६० सालको दे.पु.नं.९२७२, लेनदेन, *वर्द तामाङ वि. मेथुर खाँ थारु*

आफ्नो तथा श्रीमतीसँगको थैली रकमको सम्बन्धमा वादीकी आमाबाट जग्गा पास गरी लिइसकेपछि तत्काल सो तमसुक फट्टा नभएको भन्ने आधारमा थैलीमा पक्रन मिल्ने नदेखिएको तथा वादी प्रतिवादीहरूसँग कारोवार भएकै अर्के लिखतमा भरपाई गरी हिसाव राफसाफ पारिसकेका अवस्था समेत हुँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६६ वैशाख १७ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६० सालको दे.पु.नं.९४६९, लेनदेन, *रिजवानुल हसन वि.वेचु शेष*

कुनै पनि लिखत आफ्नो मञ्जूरीबिना गराएको हो भने त्यसलाई प्रचलित कानूनको म्याद भित्रै दावी गरी करकाप वा वदर वातिल गराउनु सक्नुपर्ने । यदि त्यस्तो हुँदैन वा करकाप ठहर्न सक्दैन भने सो लिखत अनुसारको दायित्व कारणीले व्यहोर्नु पर्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६६ वैशाख १७ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६१ सालको दे.पु.नं.८४१२, लेनदेन, *राधेश्याम पाठक वि. खलिल अहमद दर्जी*

तमसुक लिखत अन्यथा प्रमाणित नभएसम्म सही सद्दे साँचो अवस्थामा मान्नुपर्ने ।

तमसुक भएको कुरामा प्रतिवादीको स्वकारोक्ति भएबाट त्यसमा कुनै विवाद देखिँदैन । तसर्थ प्रस्तुत मुद्दामा लिखतै बमोजिम गर्नुपर्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६६ वैशाख १७ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६० सालको दे.पु.नं.९१८०, लेनदेन, *गोलहिया देवी धोविन वि. महम्मद युसुफ धोवी*

लिखत लिफामा लेखिएको भनिएको तथा अन्तर साक्षी छोराको सहिछाप नै होइन भनिएकोमा सो अवस्था नै स्थापित हुन नसकेबाट यी वादी प्रतिवादीका बीचमा भएको लेनदेन कारोवार सही सद्दे साँचो अवस्थाको देखिने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६६ वैशाख १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०५९ सालको दे.पु.नं.८६३८, अंश दर्ता, *बालदेवदास सरभंग समेत वि. रुदलदास सरभंग*

सगोलको सम्पत्ति एक अंशियारबाट अर्को अंशियारको नाममा जाँदैमा सम्पत्ति परिवारभन्दा बाहिर गएको मान्न मिल्दैन । यस्तो अवस्थामा लिखत बदर गराउनु पर्ने वा अन्य कुनै किसिमले यो व्यवहारलाई चुनौती दिनुपर्ने आवश्यकता नपर्ने ।

कानूनले नै अभिनिश्चित गरिरहेको हक प्रतिसंहरित हुन अर्को स्पष्ट कानूनी आधारको आवश्यकता पर्ने ।

अंशियारबाहेकको तेस्रो व्यक्तिबाट निजी तवरमा हालैको वकसपत्र पाएको देखिएको र यो सम्पत्ति आर्जनमा अन्य सदस्यको योगदान रहेको प्रमाणित हुन नसकेकाले अंशवण्डाको १८ नं. बमोजिम एकलौटी हकको हुने भई बण्डा नलाग्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०६४ सालको दे.पु.नं.६७२, अंश दपोट हक कायम, *नपनलाल मण्डल थारु वि.मुखिलाल मण्डल थारु समेत*

सबै अंशियारबीच वण्डा लाग्ने सगोलको सम्पत्ति दर्तावाला प्रतिवादीले तायदाती फाँटवारी पेश गर्दा खुलाउनु पर्ने कानूनी दायित्वअनुरुप खुलाएको नदेखिएकोले अंशवण्डाको २७ नं. को व्यवस्था आकर्षित हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

यस्तै विषयवस्तु समावेश भएको सम्बत् २०६४ सालको दे.पु.नं.६७३, अंश दपोट हक कायम, *नपनलाल मण्डल थारु वि.मुखिलाल मण्डल थारु समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

## इजलास नं.७

१.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ताहिर अली अन्सारी,** सम्बत् २०५८ सालको फौ.पु.नं.२५४८, सम्बत् २०५९ सालको फौ.पु.नं. २८१८, २८१९, २८२०, २८२१, र २८२२, सम्बत् २०६१ सालको फौ.पु.नं. ३४३८, सम्बत् २०६५ सालको CR ००८१ र ००२२ भ्रष्टाचार, *नेपाल सरकार वि.चेतबहादुर थापाको मु.स.गर्ने रमा थापा समेत*

आफ्नो पदीय हैसियत र कर्तव्यबमोजिम असल नियतले समितिको निर्णय कार्यान्वयन गरेको मात्र कारणले अभियोग दावीअनुसारको कसूर गरेको भन्न नमिल्ने ।

आरोपित कसूर गर्नमा प्रतिवादीहरूमा वदनियतको अभाव देखिनुका साथै निज प्रतिवादीहरूले आफू वा अन्य कुनै व्यक्तिलाई गैरकानूनी लाभ र समितिलाई गैरकानूनी हानि पुऱ्याउने कुनै कार्य गरेको पुष्टि हुन नआएको हुँदा सफाइ पाउने ।

इजलास अधिकृतः भुवनसिंह थापा
इति सम्बत् २०६५ माघ २९ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०६४ सालको दे.पु.नं.०३९९, जग्गा खिचोला चलन, *कमल महतो कोइरी वि. रामजी महतो कोइरी*

अ.बं. १७१ बमोजिम गरिने नक्सा मुचुल्कामा मुद्दाका पक्षहरूका अतिरिक्त अन्य स्वतन्त्र व्यक्तिहरूको उपस्थितिको प्रवन्ध पनि यही कानूनी व्यवस्थाले गरेको छ । यति मात्र नभई नक्सा मुचुल्कामा पक्षहरूले आफ्ना कुरा लेखाउन पनि पाउँछन । यस्ता लेखाइएका कैफियत व्यहोरा न्यायिक निरोपण गरिँदा विचारयोग्य हुन्छन् । कैफियत नलेखाइएको स्थितिमा समेत नक्सामा असहमति जनाई निवेदनमार्फत पक्षले आफ्ना कुरा राख्न पाउने व्यवस्थालाई पनि हाम्रो कानूनी प्रणालीले स्वीकारेको स्थितिमा जग्गाको हक स्वामित्वको निर्धारण दर्ता स्रेस्ता र नाप नक्साकै आधारमा हुने ।

इजलास अधिकृतः भुवनसिंह थापा
कम्प्यूटरः धनवहादुर गुरुङ
इति सम्बत् २०६५ साल चैत १६ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** सम्बत् २०६२ सालको रिट नं.३७६७, उत्प्रेषण मिश्रित परमादेश, *सुरजजंग पराक्रम शाह वि.पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद् समेत*

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ६.१.३ मा पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्वर्द्धनसम्म पशुपति क्षेत्र विकास कोषले गर्न पाउने कानूनी व्यवस्था रहेको अवस्थामा देखिन्छ ।

उक्त कानूनी व्यवस्थाको उद्देश्य प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको समय-समयमा मर्मतसंभार गरी सो सम्पदाको यथोचित संरक्षण तथा रेखदेख गरी हिनामिना हुन नदिनेसम्मको दायित्व एवं कर्तव्य पशुपति क्षेत्र विकास कोषको हुने देखिँदा कुनै व्यक्ति विशेष वा सम्प्रदायका नाउँमा वर्षौदेखि कायम रहेको संरक्षकत्वलाई कुनै कानूनबमोजिमको आधार र कारणविना हचुवाका भरमा सम्पदाको सम्भार, संरक्षण वा सम्वर्द्धनका नाउँमा भइरहेको संरक्षकत्व समाप्त पार्ने अधिकार सो कानूनी व्यवस्थाबमोजिम कोषलाई रहेको देखिन नआउने।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्यूटरः बेदना अधिकारी
इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम्।

४.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०६२ सालको फौ.पु.नं.३२५२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *कृष्णबहादुर के.सी. वि. नेपाल सरकार*

आफूले पेश गरेको प्रमाणपत्र सद्दे एवं सक्कली हो, माध्यमिक शिक्षा परिषदले प्राविधिक त्रुटिवस् नक्कली भएको व्यहोरा लेखिपठाएको भन्ने जिकिरलाई प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा आधिकारिक निकायबाट प्राप्त पत्र प्रतिवादीका विरुद्ध प्रमाणमा ग्रहण गर्नुपर्ने।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्यूटरः धनबहादुर गुरुङ
इति सम्बत् २०६५ चैत १४ गते रोज ६ शुभम्।
यस्तै विषयवस्तु भएको सम्बत् २०६० सालको फौ.पु.नं. ३१८८ सालको *कालु गुरुङ वि.नेपाल सरकार* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ।

इजलास नं. ८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०५४ सालको पुनरावेदन अनुमति ३२०५, आयकर, *राजेशकुमार अग्रवाल वि.कर फछ्र्यौट आयोग, २०५१ समेत*

कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १२ बमोजिम कानूनी प्रश्नमा अनुमति दिने व्यवस्था मै दफा १२(२)(ग) बमोजिम अनुमति दिँदा आयोगको निर्णयमा उल्लिखित कुन कुराको असान्दर्भिक प्रमाण बुझेको वा कुनै बुझ्न पर्ने प्रमाण नबुझेको हो स्पष्ट गर्नुपर्ने।

इजलास अधिकृतः दीपककुमार खरेल
इति सम्बत् २०६५ माघ २८ गते रोज १ शुभम्।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०६५ सालको Wo-०६३४, उत्प्रेषणयुक्त परमादेश, *पोटे श्रेष्ठ वि.वनेपा नगरपालिकाको कार्यालय समेत*

निवेदकले जन्ममिति खुलाएको नागरिकताको प्रमाणपत्र नै पेश गरेको भै सोबाट हिसाव गर्दा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६१ बमोजिम अवकाश प्राप्त गर्ने उमेर बाँकी नै देखिएकोले अग्रीमरुपमा निजामती सेवा नियमावली सरहको व्यवस्था आकृष्ट गरी अवकाश दिने गरेको विपक्षी नगरपालिका कार्यालयको निर्णय कानूनसंगत नभएकोले उत्प्रेषणको आदेशद्वारा वदर हुने।

इजलास अधिकृतः हरिराज कार्की
इति सम्बत् २०६६ वैशाख ९ गते रोज ४ शुभम्।

इजलास नं. ९

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** सम्बत् २०६४ सालको फौ.पु.नं.CR-०८३१, भ्रष्टाचार, *नेपाल सरकार वि.उर्वादत्त भट्ट*

भ्रष्टाचार जस्तो गम्भीर अपराधमा अपराध स्थापित हुनको लागि आवश्यक पर्ने आधारभूत तत्वको विद्यमानता खम्बीररुपमा प्रमाणित हुन नसकेको र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा भ्रष्टाचारको कसूरमा बिना प्रमाण दोषी करार गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६४ सालको फौ.पु.नं.१६८ कर्तव्य ज्यान, *नेपाल सरकार वि.कविन्द्रदेव सिँह समेत*

केवल अभियोगपत्रमा प्रतिवादी बनाएकै कारण वस्तुनिष्ट सवुद प्रमाणको अभावमा कसूरदार ठहर गर्न नमिल्ने ।

दोहोरो कुटपीटका क्रममा मृतकबाट बच्नसम्म ढुंगा तथा सांघातिक हतियार प्रहार गरेको नदेखिएको समेतको कारण यिनै प्रतिवादीको चोटका कारण मृतकको मृत्यु भएको अन्य वस्तुनिष्ट तथ्यबाट खुल्न नआएको समेत कारण यी प्रतिवादीले आरोपित कसूर गरेको नठहरी सफाइ पाउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्यूटरः अन्जय पोखरेल

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६४ सालको फौ.पु.नं.५४, कर्तव्य ज्यान, *जीतबहादुर स्याङ्तान समेत वि.नेपाल सरकार*

अभियोग माग दावीअनुसार प्रतिवादीहरूले ज्यान मार्ने मनसाय राखी कर्तव्य गरेको नभई मौकामा उठेको रिस थाम्न नसकी मृतकलाई लात मुक्काले प्रहार गरी मारेको अवस्था देखिँदा ज्यान सम्बन्धीको १३(३) नं. अनुसार सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति सम्बत् २०६५ माघ १५ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०६१ सालको दे.पु.नं.८९२० र ८९२१, मोही नामसारी गरी मोही पूर्जा पाऊँ, *सीतादेवी आचार्य वि.जुमराती मियाँ*

आफ्नो पुनरावेदनमा कुनैपनि कित्तामा मोही कायम नगरेको निर्णय उपर कित्ता नै किटान गरी केवल दुई कित्ताको मात्र मोही कायम गरी माग्दछ भने अन्य कित्ताका हकमा पुनरावेदन नपरेको मान्नुपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति सम्बत् २०६५ साल चैत ३० गते रोज १ शुभम्

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** सम्बत् २०६३ सालको रिट नं.६२, उत्प्रेषणयुक्त परमादेश, *कुमारबहादुर खड्का वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आरोप लगाई सोको स्पष्टीकरण पेश गर्ने मौका समेत नदिई विरामी भएको चिकित्सकको सिफारिश र ३० दिनको घर विदाको माग गर्दा सो स्वीकृत नगरी विपक्षी प्रहरी महानिरीक्षकबाट

नोकरीबाट हटाउने निर्णय र सोलाई सदर गर्ने गरेको विपक्षी गृहमन्त्रीको निर्णय एवं तत्सम्बन्धी कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
इति सम्बत् २०६५ चैत ३० गते रोज १ शुभम्

६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** सम्बत् २०६३ सालको दे.पु.नं.७४९, अवण्डा सम्पत्ति वण्डा गरिपाऊँ, *पुनमाया अवाले समेत वि.धनबहादुर अवाले*

बकसपत्र वापत प्राप्त गरेको कुरा बकसपत्रको लिखतको प्रतिलिपिबाट देखिरहेको अवस्थामा सो जग्गा वादी समेतको वण्डा लाग्ने भनी भन्न नमिल्ने ।

जग्गा वण्डा नलगाउनु र अवण्डा भनी उल्लेख नहुनुले सो सम्पत्ति अवण्डा रहेको भै वादी पक्षले वण्डा पाउन बाँकी रहेको भनी सम्झन र अर्थ गर्न नमिल्ने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री गिरीशचन्द्र लाल,** सम्बत् २०६० सालको दे.पु.नं.९५५२, दर्ता बदर सार्वजनिक कायम, *नागेन्द्रनारायण सिंह चौधरीको मु.स.गर्ने ध्रुवप्रसाद सिंह समेत वि.सूर्यनारायण साहु रौनियार*

विवादित जग्गा हटिया बजार लाग्ने भनी फिल्डबुकमा जनिएकोलाई स्वीकार गरी अन्यथा हो भनी खण्डन गर्न सकेको नदेखिएकोले त्यस्तो जग्गा दर्ता गराएकोलाई दुषित दर्ता नै भन्नुपर्ने ।
इजलास अधिकृतः हरिराज कार्की
इति सम्बत् २०६६ वैशाख ७ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री भरतराज उप्रेती,** सम्बत् २०६३ सालको CC-१०१३, धितो जमानतपत्र र रोक्का वदर गरिपाऊँ, *कृषि विकास बैंक लि. क्षे.का. रुपन्देही वि. मोदिम भन्ने मदिम मुसलमान समेत*

सम्बन्धित बैंकबाट लिएको ऋण चुक्ता भै विवादित रोक्का रहेको कि.नं. ८८४, ८३६, ४९५ को धितो जग्गा समेत फुकुवा भैसकेको देखिन आएकोले पुनरावेदन अदालतको फैसला परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।
इजलास अधिकृतः हरिराज कार्की
इति सम्बत् २०६६ वैशाख ६ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** सम्बत् २०६४ सालको फौ.पु.नं.४३, ४४ र १५८, कर्तव्य ज्यान र जवर्जस्ती करणी, *दिनेशकुमार वि.क. वि.नेपाल सरकार*

अधिकार प्राप्त अधिकारी समक्ष भएको वयान अन्यथा प्रमाणित नभएको र निजहरूले अदालतमा आफूहरूलाई यातना दिई सावित गराएको भन्ने जिकिर लिए पनि सो को प्रमाण गुजार्न नसकेको हुँदा निजहरूको मौकाको साविती वयान प्रमाण ऐन, २०३१ को दफा ९(२) क ले निजका विरुद्ध प्रमाण ग्राह्य हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
इति सम्बत् २०६६ वैशाख २ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** सम्बत् २०६० सालको दे.पु.नं. ८४०८, खिचोला मेटाई चलन चलाई कित्ताकाट एवं नक्सा सुधार, *लालबहादुर खत्री क्षेत्री वि. जगिर मुसलमान*

अचल सम्पत्तिको हक हन्तान्तरणको प्रामाणिक आधार भनेको राजीनामाको लिखत नै भएकाले त्यस्ता भए गरेका व्यवहारमा अघिल्लो मितिको पारीत लिखत जेठो हुने र सो अनुरुप नै क्रमशः जग्गाको कित्ताकाट हुँदै जानुपर्ने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति सम्बत् २०६५ साल चैत ४ गते रोज शुभम् ।

११.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती**, सम्बत् २०६४ सालको दे.पु.नं. ६२१, अंश नामसारी, *विमलाकुमारी चौधरी वि. हेमन्तकुमार चौधरी समेत*

अंश मुद्दा दर्ता भैसकेपछि मात्र उल्लेखित जग्गा मध्ये कि.नं. १३८ को ज.वि. ०-९-१० जग्गा खरीद गरी लिएको राजिनामाको सक्कल लिखत समेतबाट देखिएको स्थितिमा मानो छुट्टिएको मिति पश्चात खरीद गरी लिएको जग्गालाई वादीको हकमा सगोलको सम्पत्ति मान्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति सम्बत् २०६५ फागुन २३ गते रोज २ शुभम् ।

इजलास नं. १०

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, सम्बत् २०५८ सालको दे.पु.नं. ७९२८, अंश, *गणेशबहादुर खत्रीको मु.स.गर्ने रामगोपाल खत्री समेत वि. भक्तकुमारी खत्रीको मु.स.गर्ने मन विष्ट समेत*

लिखित रुपमा आफू भिन्न भएको भनी स्वीकारी सकेपछि अचल सम्पत्तिमा बण्डा भएको छैन भन्न नसकिने ।

अंश नलिई सगोलमा रहेको बेला कुनै अंशियारको परलोक भएमा निजको नामको सम्पत्ति कुनै एक अंशियारको नाममा नामसारी भएपनि त्यसबाट सबै अंशियारको भाग लाग्छ । तर अंशवण्डा भइसकेपछि कुनै एक अंशियारको परलोक भएपछि निजको सम्पत्ति अन्य अंशियारहरूले संयुक्त नामसारी दर्ता गराएका छन् भने सो संयुक्त नामसारी दर्ता गराएकै आधारमा ती अंशियारहरूलाई सगोलको अंशियार भन्न नमिल्ने ।

भोग, व्यवहारबाट होस वा अंशवण्डाको लिखित पारीत गराएर होस भिन्न भएका अंशियारहरू पुनः अंश जोडिएको लिखत पारीत नभएसम्म तिनीहरूलाई सगोलका अंशियारको संज्ञा दिन नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिको निम्न मुद्दामा यसै अनुरुप निर्णय भएको छः

- सम्बत् २०५८ सालको दे.पु.नं. ७९२६, लिखत बदर, *गणेशबहादुर खत्रीको मु.स.गर्ने रामगोपाल खत्री समेत वि.वच्चु थापा खत्री* समेत
- सम्बत् २०५८ सालको दे.पु.नं. ७९२७, निर्णय बदर, *गणेशबहादुर खत्रीको मु.स.गर्ने रामगोपाल खत्री समेत वि. भक्तकुमारी खत्रीको मु.स.गर्ने मन विष्ट* समेत
- सम्बत् २०५८ सालको दे.पु.नं. ७९२९, लिखत बदर, *गणेशबहादुर खत्रीको मु.स.गर्ने रामगोपाल खत्री समेत वि. भक्तकुमारी खत्रीको मु.स.गरी आफ्नो हकमा समेत मन विष्ट*
- सम्बत् २०५८ सालको फौ.पु.नं. २८५०, लुटपीट, *गणेशबहादुर खत्रीको मु.स.गर्ने राम गोपाल खत्री समेत वि. वच्चु थापा समेत*

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०५९ सालको दे.पु.नं. ८५३९, जग भत्काई खिचोला मेटाई चलन, *सत्यनारायण राउत कुर्मी वि. रामअयोध्या प्रसाद कुर्मी समेत*

मुद्दा परी कारवाही चली विचाराधीन रहेको अवस्थामा घर निर्माण भएको देखिँदा जगबाहेकको बाँकी घरको भाग भत्काउनेतर्फ छुट्टै दावी लिनै पर्ने नभई जग भत्काईपाउँ भन्ने दावीबाट नै सो अवैध जगमाथि निर्माण भएको घर भत्काउन मिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६० सालको दे.पु.नं. ८५८४, घर हटाई बाटो निकास चलन, *सत्य नारायण राउत कुर्मी वि. रामअयोध्या प्रसाद कुर्मी*

अदालतबाट भई आएको नक्सा मुचुल्कामा देखिएको बाटो अबरोध गर्ने गरी प्रतिवादीले घर पर्खाल बनाएको नहुँदा दावी नपुग्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६० सालको दे.पु.नं. ३३३९, गोरु चोरी, *नेपाल सरकार वि.राजदेव यादव समेत*

ऐनमा नभएको सजाय गर्न पाइँदैन भने ऐनले गर्नुपर्ने सजायमा कानूनको गलत व्याख्या वा कानूनी प्रावधानप्रतिको उपेक्षाभावले थोरै सजाय गर्न पनि नमिल्ने ।

चोरीको १२ नं. ले जनही जरिवाना गर्नुपर्ने भन्ने उल्लेख गरेकोमा दामासाहीले जरिवाना गर्नु चोरीको महलको १२ नं. मा भएको सजायसम्बन्धी व्यवस्थाको प्रतिकूल हुन जाने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६५ सालको दे.पु.नं. ०६५-CI-०३४०, लिलाम बदर, *राजेन्द्र तेली समेत वि.तुफानी तेली समेत*

जुन विवादका सम्बन्धमा सक्षम निकायले एकपटक निर्णय बोलिसकेको छ सोही कुरामा फेरि पछि पर्न आएको उही विवादको सम्बन्धमा अर्कै प्रकृतिको उजूरीमा निर्णय गर्न प्राङ्न्यायको सिद्धान्तले नमिल्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्बत् २०६५ साल चैत ३० गते रोज १ शुभम्

यस्तै प्रकृतिको सम्बत् २०६५ सालको दे.पु.नं. ०६५-CI-०३३९, लिखत दर्ता बदर नामसारी, *राजेन्द्र तेली समेत वि.लालजीप्रसाद तेली समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६० सालको दे.पु.नं. ८९४४, अंश, *राजवीर खाँ थारु वि. वहोरी खाँ थारु*

जुनसुकै व्यहोराबाट भए पनि आफूले प्राप्त गर्ने भाग जति प्राप्त गरेपछि अंशवण्डाको लिखत नभएको भन्ने आधारमा पटक-पटक अंशमा दावी गर्न र अंश पाइरहने भन्ने स्थिति स्वीकार्य हुन नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६६ वैशाख १६ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०६५ सालको स.अ.फौ.पु.नं.०१४७, बढुवाको लागि झूठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *मन्जु आचार्य वि. नेपाल सरकार*

राष्ट्रसेवकले आफ्नो शैक्षिक योग्यता सम्बन्धी कुरा ढाँटेमा सो नक्कली प्रमाणपत्र पेश गरेको कार्य स्वयंमा नै अपराधजन्य काम भएकोले त्यसबाट प्रतिवादीले बढुवाको वा अन्य फाइदा समेत लिए, नलिएको कुराले आरोपित कसूर प्रमाणित गर्न वा नगर्नका निमित्त सान्दर्भिक देखिन नआउने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति सम्बत् २०६६ वैशाख २५ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरुप निर्णय भएको छः

- सम्बत् २०६४ सालको स.अ.फौ.पु.नं.०३१५, बढुवाको लागि झूठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *विष्णुकुमार श्रेष्ठ वि.नेपाल सरकार*
- सम्बत् २०६४ सालको स.अ.फौ.पु.नं.००३७, बढुवाको लागि झूठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *दिलबहादुर खड्का वि. नेपाल सरकार*

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव**, सम्बत् २०६२ सालको रिट नं.३१६०, अधिकारपृच्छा, उत्प्रेषण, परमादेश समेत, *शम्भुप्रसाद पाण्डे वि.मुआव्जा निर्धारण समिति, मुकाम जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक समेत*

अधिकारप्राप्त निकायले आफ्नो सुविधा र उपयुक्तताको बिचार गरी समितिको वैठकमा अन्य व्यक्तिलाई उपस्थित गराउँदैमा समितिको निर्णय प्रभावित भएको अनुमान गर्न नमिल्ने ।

सामान्य कानूनी प्रक्रिया समाप्त (exhaust) नहुँदै त्यस प्रक्रियाअन्तर्गत अवलम्वन गरिएको उपायलाई प्रभावित वा निष्क्रिय तुल्याउने गरी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्यूटरः धनबहादुर गुरुङ

इति सम्बत् २०६५ साल चैत ९ गते रोज १ शुभम्

९.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती**, सम्बत् २०५६ सालको फौ.पु.नं.००४६, ००४७, रकम हिनामिना गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि.डोलप्रसाद अर्याल*

रकम जाहेरवालाको बाबुलाई बुझाएको भन्ने कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि नगरेको अवस्थामा केवल अभियुक्तको भनाइमात्र प्रतीतलायक देखिएन । हकवालालाई रकम नबुझाएबाट आफूलाई फाइदा र कार्यालयलाई हानि हुने काम गरेको स्पष्ट देखिन आएको स्थितिमा अभियोग दाबीबाट सफाइ हुन नसक्ने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ साल चैत ११ गते रोज ३ शुभम्

१०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, सम्बत् २०६३ सालको स.अ.फौ.पु.नं.०४०५, कर्तव्य ज्यान, *धिन्नु गोलम्यान सांसी वि.नेपाल सरकार*

अर्द्धमुर्छित अवस्थामा रहेकी मृतकलाई चिकित्सकले स्टोभ पड्केर जीउमा आगो लागेको हो कि भन्ने कुरामा आशंका हुनसक्ने वकपत्र गरे पनि वारवादस्थलमा रहेको विर्को खुलेको स्टोभ यथास्थितिमा रहेको देखिएकोबाट स्टोभ पड्केको

कारणबाट आगो लागी ममता टिटानको मृत्यु भएको नदेखिनुका साथै मृतक ममता टिटानको मृत्यु अन्य कुनै कारणबाट अथवा अन्य कुनै परिस्थितिमा वा आकस्मिक मृत्यु भएको हो कि भन्ने कहिँ कतैबाट तथ्यगत कुरा अथवा आशंकासम्म पनि देखिँदा कर्तव्यबाट नै भएको पुष्टि हुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति सम्बत् २०६६ वैशाख २३ गते रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६३ सालको फौ.पु.नं.०३८७, जीउमास्ने बेच्ने, *साङ्सा प्रजा वि.नेपाल सरकार*

जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १२ वर्ष कैद र दफा ८(५) बमोजिम भा.रु. ४०,०००। को तत्काल कायम रहेको सटही दरले हुने विगो बरावरको जरीवाना गरिसकेपछि फेरी सोही कसूरमा जीउ मास्नेबेच्ने महलको २ नं. बमोजिम ३ वर्ष कैद गर्ने ठहर गरेकोलाई अन्यथा भन्नु नपर्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति सम्बत् २०६६ वैशाख २३ गते रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** सम्बत् २०६४ सालको फौ.पु.नं.१४७, जवर्जस्ती करणी उद्योग, *सन्तोष श्रेष्ठ वि. नेपाल सरकार*

शंकाको भरमा वारदात स्थापित भएको देखिएकोले फौजदारी विधिशास्त्रको सर्वमान्य सिद्धान्त अनुसार शंकाको सुविधा अभियुक्तले पाउने हुँदा अभियोग दावीअनुसारमा कसूर गरेको भन्ने वस्तुगत प्रमाणबाट पुष्टि नभएकोले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति सम्बत् २०६५ वैशाख २ गते रोज ४ शुभम् ।

१३.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** सम्बत् २०६२ सालको फौ.पु.नं.३४७२, कर्तव्य ज्यान, *श्यामजी मण्डल वि.नेपाल सरकार*

फौजदारी मुद्दामा अपराधीको मृत्युसँगै अपराधको मृत्यु हुन्छ भन्ने फौजदारी विधिशास्त्रको सर्वमान्य सिद्धान्तअनुसार र मुलुकी ऐन दण्ड सजायको ३ नं. अनुसार जरीवाना, कैद वा विशौद लागेको मानिस सो असूल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ भन्ने कानूनी व्यवस्था हुँदा निजका नाउँमा रहेको कैदको लगत कट्टा हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति सम्बत् २०६६ वैशाख २ गते रोज ४ शुभम् ।

१४.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** सम्बत् २०६२ सालको दे.पु.नं.९५२८, मोही कायम, *रामदेव यादव वि.गुठी संस्थान शाखा कार्यालय धनुषा*

पुनरावेदकले के कुन कार्यालयमा आफ्नो दावी प्रस्तुत गर्नुपर्ने भनी प्रस्तुत मुद्दामा अन्तर्निहित रहेको कानूनी व्याख्यासम्बन्धी प्रश्न र पुनरावेदकले पाउनुपर्ने उपचार सम्बन्धमा अदालती बन्दोबस्तको ८५ नं. एवं प्राङ्न्यायको सिद्धान्त समेतलाई मध्यनजर राखी निजको दावी सम्बन्धमा निर्णय गर्नुपर्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति सम्बत् २०६५ फागुन १६ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिको निम्न मुद्दामा यसै अनुरुप निर्णय भएको छः

- सम्बत् २०६२ सालको दे.पु.नं.९५२६, मोही कायम, *विष्णुदेव राउत कुर्मी वि.गुठी तहसिल तथा खर्च कार्यालय धनुषा*

- सम्बत् २०६२ सालको दे.पु.नं.९५२७, मोही कायम, *श्यामलाल पाठक वि.गुठी तहसिल तथा खर्च कार्यालय जनकपुर*

**एकल इजलास**

१.

**मा.न्या.श्री मीनवहादुर रायमाझी**, सम्बत् २०६५ सालको WO-०६४०, उत्प्रेषण, प्रतिषेध परमादेश समेत, *सुमित्रा श्रेष्ठ घले समेत वि.युनाईटेड विल्डर्स एण्ड इञ्जिनियर्स प्रा.लि. समेत*

ठेक्का सम्झौतासम्बन्धी विषयमा जिल्ला प्रशासन कार्यालय समेतले अनधिकृतरुपमा हस्तक्षेप गरेमा साधारण कानूनअनुरुप उपचार प्राप्त गर्न सक्ने अवस्थामा असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री मीनवहादुर रायमाझी**, सम्बत् २०६५ सालको WO-६३८, उत्प्रेषणयुक्त, *धर्मराज राना मगर वि. गृह मन्त्रालय समेत*

प्रहरी कार्यालयले अनधिकृतरुपमा कुनै कागज गराएको सम्बन्धमा साधारण कानूनअनुरुप उपचार प्राप्त गर्न सक्ने अवस्था निवेदकहरूलाई रहे भएको देखिएको अवस्थामा असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३१ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री मीनवहादुर रायमाझी**, सम्बत् २०६५ सालको WO-०६२९, उत्प्रेषणयुक्त परमादेश, *राधादेवी वानिया वि. नेपालगञ्ज नगरपालिका समेत*

२०५१ सालको निर्णयउपर १४ वर्षभन्दा बढी समयसम्म चुपचाप बसी निवेदन गर्ने निवेदकलाई बिलम्बको सिद्धान्तले समेत मद्दत गर्न नसकिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ३० गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री मीनवहादुर रायमाझी**, सम्बत् २०६५ सालको WO-०६४७, उत्प्रेषणयुक्त परमादेश, *सरोज गुरुङ समेत वि.रक्षा मन्त्रालय समेत*

समरी जनरल सैनिक अदालतबाट भएको फैसला उपर कानूनबमोजिम गठित अदालतबाट पुनरावेदन सुनेको अवस्थामा असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६६ वैशाख २ गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री मीनवहादुर रायमाझी**, सम्बत् २०६५ सालको रिट नं. ०५०४, उत्प्रेषणयुक्त, *फुलोदेवी यादवनी समेत वि.पुनरावेदन अदालत हेटौडा समेत*

जिल्ला अदालतमा चलिरहेको अंश मुद्दाको तथ्यभित्र प्रवेश गरी अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत तायदाती माग गर्ने गरी भएको आदेशको सम्बन्धमा मुद्दाको कारवाहीलाई नै प्रभाव पर्ने गरी रिटक्षेत्रबाट हस्तक्षेप गर्नु उपयुक्त नहुने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति सम्बत् २०६५ फागुन १८ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी.**, सम्बत् २०६५ सालको WO-०३५१, उत्प्रेषण लगायत उपयुक्त आदेश जारी

गरिपाऊँ, *नरबहादुर गौतम वि. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय समेत*

वस्तुनिष्ठ आधार, कारण र सूचनाबिना एउटा जिम्मेवार शिक्षकले आफ्नो दरवन्दी रहेको विद्यालयमा नजानुलाई स्वाभाविक मान्न नमिल्ने। मौकामा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत नरहनेलाई सदैव अदालतले साथ दिन सक्दैन भन्ने विलम्वको सिद्धान्तलाई तथ्ययुक्त आधार र कारणबिना इन्कार गर्न नमिल्ने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
इति सम्बत् २०६५ पुस १७ गते रोज ५ शुभम्।

७.

**मा.न्या.श्री गिरीशचन्द्र लाल**, सम्बत् २०६५ सालको WO-०७७२, उत्प्रेषण मिश्रित परमादेश, *जयमंगल साह कानू वि. जिल्ला प्रहरी कार्यालय नुवाकोट समेत*

निर्णय भएको धेरै समयपश्चात विलम्वको मुनासिव माफिकको विश्वासिलो कारण देखाउन नसकेको अवस्थामा विलम्बको सिद्धान्त (doctrine of latches) अनुसार रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक ढकाल
इति सम्बत् २०६६ जेठ १२ गते रोज ३ शुभम्।

८.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०६५ सालको WO-०७८६, उत्प्रेषण परमादेश समेत, *दीपक नरसिंह श्रेष्ठ वि. नेपाल राष्ट्र बैंक, के.का. समेत*

आर्थिक अनुशासन कयम राख्न र बैंकको वित्तीय व्यवस्था विचलन नहोस् भन्ने सदाशयता राखी बैंक अफ काठमाडौंको तत्कालीन सञ्चालक समितिलाई निलम्वन गरी उक्त बैंकलाई नियन्त्रणमा लिएको देखिएको र तत्काल सञ्चालकको रुपमा ४ सदस्यीय व्यवस्थापन समिति समेत गठन गरिएको कुरा राष्ट्र बैंकको निर्णयबाट देखिएकोले अन्तरिम आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्यूटरः अन्जय पोखरेल
इति सम्बत् २०६६ जेठ १३ गते रोज ४ शुभम्।

यस्तै प्रकृतिको सम्बत् २०६५ सालको WO-०७८७, उत्प्रेषण परमादेश समेत, *संजयबहादुर शाह समेत वि. नेपाल राष्ट्र बैंक, के.का. समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ।

९.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०६५ सालको WO-०७८३, उत्प्रेषण परमादेश समेत, *रामचन्द्र पाण्डेय समेत वि.स्वास्थ्य सेवा विभाग समेत*

अधिकृत तह छैटौं र सातौं पदमा स्तरवृद्धि भई कार्यरत रहेकोमा त्यस्तो कर्मचारीलाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० वर्खिलाप हुने गरी सरुवा गरेको देखिएकोले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म स्वास्थ्य सेवा विभागको निर्णय र क्षेत्रीय स्वास्थ्य निर्देशनालयको निर्णय कार्यान्वयन नगरी पूर्ववतरुपमा काम गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को दफा ४१ बमोजिम अन्तरिम आदेश जारी हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्यूटरः अन्जय पोखरेल

इति सम्बत् २०६६ जेठ १३ गते रोज ४ शुभम्।